# द्रुत प्रतिकार्य टोली
# तथा
# आपत्कालीन चिकित्सकीय समूह परिचालन
# सम्बन्धी निर्देशिका, २०७९

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

# द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९

प्रस्तावना : विभिन्न किसिमका रोग, महामारी तथा विपद्को कारण सृजित आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन, त्यस्तो अवस्थाको पहिचान, प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ को उपदफा १ र जनस्वास्थ्य सेवा नियमावली २०७७ को दफा २७ को उपदफा १ र २ ले निर्दिष्ट गरे बमोजिम आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवाको व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले द्रुत प्रतिकार्य टोली (Rapid Response Team) तथा आपत्कालीन चिकित्सकीय समूह (Emergency Medical Team) गठन गरी तत्काल कार्य गर्न वाञ्छनीय भएकोले,

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले कुनै पनि आकस्मिक घटना वा आपत्कालीन अवस्था सिर्जना भई जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिको जीवनलाई जोखिममुक्त गर्ने, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्कालीन स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ख) "आपत्कालीन चिकित्सकीय समूह" भन्नाले विपद् तथा आपत्कालीन वा रोगको प्रकोपबाट प्रभावित बिरामीलाई आपत्कालीन चिकित्सा सेवा प्रदान गर्ने चिकित्सक, नर्स, पारामेडिक जस्ता स्वास्थ्यकर्मीको समूह सम्झनु पर्छ ।

(ग) "आपत्कालीन जनस्वास्थ्य घटना" भन्नाले कुनै विपद् एकभन्दा बढी स्थानीय तहमा हुन गएमा सम्बन्धित प्रदेशले र एकभन्दा बढी प्रदेशमा जनस्वास्थ्य विपद्को अवस्था सिर्जना हुन गएमा नेपाल सरकारले तोकेको जनस्वास्थ्य विपद्को अवस्था सम्झनु पर्छ।

(घ) "द्रुत प्रतिकार्य टोली" भन्नाले विपद् तथा आपत्कालीन जनस्वास्थ्य घटना वा अवस्थाको अनुसन्धान, व्यवस्थापन तथा नियन्त्रण गर्न जनस्वास्थ्य आपत्कालीन व्यवस्थापन उपसमितिद्वारा प्रदान गरिएको कार्ययोजना कार्यान्वयन गर्ने वा गराउने टोली सम्झनु पर्छ ।

(ङ) "संघीय द्रुत प्रतिकार्य समिति" भन्नाले दफा ३ बमोजिमको संघीय द्रुत प्रतिकार्य समिति सम्झनु पर्छ ।

(च) "संघीय द्रुत प्रतिकार्य टोली" भन्नाले दफा ५ बमोजिमको संघीय द्रुत प्रतिकार्य टोली सम्झनु पर्छ ।

(छ) "प्रादेशिक द्रुत प्रतिकार्य समिति" भन्नाले दफा ६ बमोजिमको प्रादेशिक द्रुत प्रतिकार्य समिति सम्झनु पर्छ ।

(ज) "प्रादेशिक द्रुत प्रतिकार्य टोली" भन्नाले दफा ८ बमोजिमको प्रादेशिक द्रुत प्रतिकार्य टोली सम्झनु पर्छ ।

(झ) "जिल्ला द्रुत प्रतिकार्य टोली" भन्नाले दफा ९ बमोजिमको जिल्ला द्रुत प्रतिकार्य टोली सम्झनु पर्छ ।

(ञ) "स्थानीय द्रुत प्रतिकार्य समिति" भन्नाले दफा १० बमोजिमको स्थानीय द्रुत प्रतिकार्य समिति सम्झनु पर्छ ।

(ट) "स्थानीय द्रुत प्रतिकार्य टोली" भन्नाले दफा ११ बमोजिमको स्थानीय द्रुत प्रतिकार्य टोली सम्झनु पर्छ ।

(ठ) "प्रादेशिक स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्र" भन्नाले भौतिक पूर्वाधारका साथै आपत्कालीन घटनाको व्यवस्थापन गर्न तथा सूचना र स्रोतको समन्वय गर्न सातवटै प्रदेशमा अस्थायी वा स्थायी सुविधा सहित स्थापित कार्यात्मक संयन्त्र सम्झनु पर्छ ।

(ड) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ढ) "निर्देशनालय" भन्नाले स्वास्थ्यसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने प्रादेशिक स्वास्थ्य मन्त्रालय अन्तर्गत गठित संरचना सम्झनु पर्छ ।

(ण) "आपत्कालीन चिकित्सकीय समूह परिचालन समिति" भन्नाले दफा १५ को उपदफा (१) बमोजिमको आपत्कालीन चिकित्सकीय समूह परिचालन समिति सम्झनु पर्छ ।

(त) "विषय विज्ञ" भन्नाले महामारीसंग सम्बन्धित कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर गरी अनुभव हासिल गरेको व्यक्ति सम्झनु पर्छ ।

(थ) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

## परिच्छेद-२

## द्रुत प्रतिकार्य समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. संघीय द्रुत प्रतिकार्य समितिको गठन र काम, कर्तव्य र अधिकार : (१) स्वास्थ्यसम्बन्धी द्रुत प्रतिकार्यलाई संघीय तहबाट नीतिगत मार्गनिर्देशन र प्राविधिक तथा श्रोत व्यवस्थापन गर्नको लागि देहायका पदाधिकारीहरू रहेको एक संघीय द्रुत प्रतिकार्य समिति हुनेछ :

(क) महानिर्देशक, स्वास्थ्य सेवा विभाग -संयोजक

(ख) निर्देशक, परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग -सदस्य

(ग) निर्देशक, व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभाग -सदस्य

(घ) निर्देशक, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला -सदस्य

(ङ) निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना, तथा संचार केन्द्र -सदस्य

(च) निर्देशक, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल -सदस्य

(छ) निर्देशक, उपचारात्मक सेवा महाशाखा, स्वास्थ्य सेवा विभाग -सदस्य

(ज) निर्देशक, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, स्वास्थ्य सेवा विभाग -सदस्य

(झ) प्रमुख, स्वास्थ्य आपत्कालीन विपद् व्यस्थापन इकाई, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(ञ) प्रमुख, विश्व स्वास्थ्य सङ्गठन, नेपाल -सदस्य

(ट) निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग -सदस्य-सचिव

(२) यस समितिको सचिवालय इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा रहनेछ ।

(३) यस समितिको बैठकमा विपद् तथा महामारीको प्रकृति अनुसार अन्य सरकारी निकाय, वा साझेदार संस्था र विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) संघीय द्रुत प्रतिकार्य समितिलाई प्राविधिक पक्षमा सहयोग र समन्वय गर्न संघीय द्रुत प्रतिकार्य समितिको मातहतमा संघीय द्रुत प्रतिकार्य टोली रहनेछ।

(५) संघीय द्रुत प्रतिकार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विपद् तथा महामारी व्यवस्थापन र अनुसन्धानको लागि संघीय द्रुत प्रतिकार्य टोली निर्धारण गरी परिचालन गर्ने,

(ख) विभिन्न रोगको महामारी तथा विपद्का सबै चरणमा (पूर्वतयारी, प्रतिकार्य तथा महामारी पश्चातको अवस्था) विभिन्न निकायबीच समन्वय गर्ने,

(ग) नियमित रुपमा बैठक बसी उपलब्ध तथ्याङ्कको (जस्तै सर्भिलेन्स प्रणालीबाट प्राप्त तथ्याङ्क) विश्लेषण सहित परिस्थितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(घ) जनस्वास्थ्य विपद् तथा महामारीको बेलामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन- २०७४ द्वारा निर्दिष्ट गरिएको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, समिति, प्राधिकरणका र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आदेश पालना गर्दै विभिन्न तहमा गठित समिति र संयन्त्रका साथै बहुनिकाय समन्वयात्मक परिचालन तथा प्रतिकार्यको सुनिश्चितता गर्ने,

(ङ) विपद् तथा महामारी व्यवस्थापनको योजना तथा कार्यविधि, चेतावनी र प्रतिक्रिया ढाँचाका (Alert and Response Framework) साथै आपत्कालीन स्वास्थ्य योजना निर्माण गरी लागू गर्ने,

(च) द्रुत प्रतिकार्यका असल अभ्यास तथा सिकाइलाई अभिलेखीकरण गर्ने,

(छ) आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू सँग समन्वय गर्ने,

(ज) द्रुत प्रतिकार्य टोली परिचालनका लागि आवश्यक पर्ने जनशक्ति, सर-सामग्री पहिचान गरी तथा अन्य आर्थिक श्रोतको पहिचान गरी उपलब्धताको सुनिश्चितता गर्ने,

(झ) द्रुत प्रतिकार्य टोली को क्रियाकलापको अनुगमन तथा सुपरिवेक्षण गरी आवश्यक पृष्ठपोषण दिने,

(ञ) आवश्यकता अनुसार सम्बन्धित फोकल एजेन्सीहरूसंग समन्वय गरी परिस्थितिको अवस्था बारे तथा जोखिम मूल्याङ्कनको लागि समन्वय गर्ने,

(त) IHR NFP लाई विश्व स्वास्थ्य संगठनलाई घटना सूचना (Disease/Event notification) प्रेषण को लागि समन्वय गर्ने,

(थ) विपद् तथा महामारी व्यस्थापनकालागि द्रुत जोखिम मूल्यांकन गर्न सहयोग गर्ने र आवश्यक सूचना सम्प्रेषण गर्ने,

(द) द्रुत प्रतिकार्य टोलीमा खटिने कर्मचारीको सुरक्षाका लागि सम्बन्धित निकायसंग समन्वय गर्ने,

(ध) विपद् तथा महामारी व्यवस्थापनका लागि सम्बन्धित विषय विज्ञ र सरोकारवाला पहिचान गरी समय-समयमा सूची अद्यावधिक गर्ने,

(न) स्वास्थ्य आपत्कालीन तयारी र विपद् जोखिम व्यवस्थापनको योजना र प्राथमिकताका लागि सार्वजनिक स्वास्थ्य जोखिमहरूको मूल्याङ्कन तथा वर्गीकरणको खाका तयार गरी जोखिमहरूको मूल्याङ्कन तथा वर्गीकरण गर्ने,

(प ) विपद् तथा महामारी व्यवस्थापनको आवश्यकता अनुसार तत्काल द्रुत प्रतिकार्य टोली परिचालन गर्नुपर्ने भएमा समितिको संयोजकको आदेशमा टोली परिचालन गर्ने ।

४. <u>संघीय द्रुत प्रतिकार्य समितिको बैठक सम्बन्धी व्यवस्था</u> : (१) संघीय द्रुत प्रतिकार्य समितिको बैठक वर्षको कम्तीमा दुई पटक र आवश्यकता अनुसार बस्नेछ । यसरी बस्ने एक बैठक र अर्को बैठक बीचको अन्तर छ महिना भन्दा बढी हुने छैन ।

(२) संयोजकको निर्देशनमा संघीय द्रुत प्रतिकार्य समितिको सदस्य-सचिवले संघीय द्रुत प्रतिकार्य समितिको बैठक बोलाउनेछ ।

(३) संघीय द्रुत प्रतिकार्य समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>संघीय द्रुत प्रतिकार्य टोलीको गठन र काम, कर्तव्य र अधिकार</u> : (१) संघीय द्रुत प्रतिकार्य समितिलाई प्राविधिक सहयोग र समन्वय गर्न इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तर्गतको इपिडिमियोलोजी तथा महामारी व्यवस्थापन शाखाको संयोजकत्वमा संघीय द्रुत प्रतिकार्य टोली रहनेछ ।

(२) संघीय द्रुत प्रतिकार्य टोलीमा देहायका पदाधिकारीहरु रहनेछन्-

क) सर्भिलेन्स तथा अन्वेषण शाखाको प्रतिनिधि,

ख) विषय विज्ञ,

ग) फेमिली फिजिसियन/फिजिसियन,

घ) मेडिकल अधिकृत,

ङ) जनस्वास्थ्य अधिकृत / जनस्वस्थ्य निरीक्षक,

च) हे.अ. / सि.अ.हे.व,

छ) स्टाफ नर्स,

ज) मे.ल्या.टे/ल्या.टे./ल्या.अ.,

झ) इपिडिमियोलोजीष्ट/मेडिकल कलेज/स्वा. वि. प्रतिष्ठानबाट विज्ञहरु रहने गरी समितिले आवश्यकता अनुसार पदाधिकारी थपघट गर्न सक्नेछ ।

महामारीको प्रकृति अनुसार विभिन्न विभाग, निकाय तथा सहयोगी संस्थाहरुबाट विज्ञ तथा प्राविधिकहरु (जस्तै पशु स्वास्थ्य, खाद्य, WASH, भे. क. नि, स्वास्थ्य शिक्षा अधिकृत आदि) परिचालन गर्न सकिने छ ।

यसरी बढीमा १३ जना सदस्यको संघीय द्रुत प्रतिकार्य टोलीको परिचालन गरिनेछ।

(३) संघीय द्रुत प्रतिकार्य टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विपद्, महामारी र आपत्कालीन जनस्वास्थ्य घटना वा अवस्थाको अनुसन्धान, व्यवस्थापन तथा नियन्त्रण गर्न संघीय द्रुत प्रतिकार्य समितिद्वारा प्रदान गरिएको कार्ययोजनाको कार्यान्वयन गर्ने र संघीय द्रुत प्रतिकार्य समितिको निर्देशन अनुसार कार्य गर्ने,

(ख) स्थानीय तह र प्रदेशको समन्यवमा आपत्कालीन जनस्वास्थ घटनाको अनुसन्धान गर्नेः

(१) महामारीको पुष्टि गर्ने,

(२) प्रारम्भिक अवस्थामा क्लिनिकल र इपिडिमियोलोजिकल विशेषताको आधारमा कार्य परिभाषा (Working case definition) बनाउने,

(३) सो घटनासंग सम्बन्धित सबै प्रभावित बिरामीको खोजी गर्ने र उपयुक्त जनसांख्यिक, क्लिनिकल र इपिडिमियोलोजिकल विवरण समेटिने गरी विस्तृत सूची (Line list) तयार पार्ने,

(४) सूची (Line list) बाट प्राप्त निष्कर्षको आधारमा रोगको प्रकृति र सिंड्रोम पहिचान गर्ने,

(५) रोग कसरी फैलिरहेको छ (Mode of transmission) भन्ने पहिचान गर्ने,

(६) संक्रमण नियन्त्रणका लागि सावधानी अपनाई उपयुक्त क्लिनिकल र वातावरणीय नमुना सङ्कलन गरी नमुना प्रयोगशाला परीक्षणका लागि उचित तवरले प्याकेज गरी सम्बन्धित प्रयोगशालामा पठाउने,

(७) संकलन गरिएको जानकारीको आधारमा इपिडिमियोलोजिकल बिश्लेषण गर्ने,

(८) अनुसन्धानको प्रारम्भिक रिपोर्ट, अन्तरिम रिपोर्ट र अन्तिम प्रतिवेदन तयार गरी द्रुत प्रतिकार्य समितिमा पेश गर्ने ।

(ग) रोग फैलिन नदिन र रोकथामका लागि उपयुक्त कार्य गर्ने :

(१) स्वास्थकर्मी, सर्वसाधारण र समुदायका लागि संक्रमण रोकथामका उपायहरू अपनाउने,

(२) उपयुक्त देखिएमा औषधि दिने (chemo-prophylaxis) र खोप दिने,

(३) आवश्यकता अनुसार सङ्क्रमित व्यक्तिको isolation र लक्षण नदेखिएका तर exposed व्यक्तिको quarantine गर्ने, रोग खोजपडताल तथा कन्टयाक्ट ट्रेसिंग (Case Investigation and Contact Tracing) गर्ने,

(४) वातावरणीय विधि जस्तैः पानीको नमुना परीक्षण, पानी शुद्धिकरण गर्ने विधि, हातधुने तरिका, सरसफाइ प्रवर्द्धन, भेक्टर कन्ट्रोललाई आवश्यकता अनुसार अवलम्बन गर्ने,

(५) समुदायमा उपयुक्त जानकारी प्रवाह गर्न सञ्चार माध्यमको सहायता लिने, प्रभावकारी जोखिम सञ्चार र सामुदायिक सहभागिता गर्ने ।

(घ) बिरामीको उपयुक्त उपचार व्यवस्थापन गरी आपातकालीन स्वास्थ्य घटनाबाट हुन सक्ने मृत्यु, जटिलता र अपाङ्गतालाई रोकथाम गर्न वा घटाउन स्वास्थ्य संस्थामा प्राविधिक सहयोग र आवश्यक औषधी, औजार वा उपकरणको आपूर्ति व्यवस्थापन गर्न सहजीकरण गर्ने :

(१) स्वास्थ्य संस्थामा बिरामीको चापको व्यवस्थापन गर्न Triage, Isolation, Cohorting आदि कार्यमा सघाउ तथा अनुगमन मूल्याङ्कन गर्ने,

(२) स्वास्थ्य संस्थाले प्रदान गरेको उपचार पद्दतिको मूल्याङ्कन र अनुगमन गर्ने,

(३) स्वास्थ्य संस्थाले उपचार व्यवस्थापनमा महसुस गरेका समस्या र चुनौती पत्ता लगाउने,

(४) गुणस्तरीय उपचार पद्धति अनुसार बिरामीको उपचार व्यवस्थापन गर्न स्वास्थ्य संस्था र विशेषज्ञ संस्था बीच समन्वय गर्ने,

(५) आवश्यक औषधि, मेडिकल उपकरण र सामग्रीको व्यवस्था गर्न सहजीकरण गर्ने,

(६) आवश्यकता अनुसार स्वास्थ्य संस्थामा थप स्वास्थ्यकर्मीको व्यवस्थापन गर्न सहजीकरण गर्ने,

(७) प्रेषण प्रणाली (Community triage, stabilization, safe transport, ambulance services etc) को मूल्याङ्कन गर्ने र बिरामीको उपयुक्त प्रेषण भएको सुनिश्चित गर्ने ।

(ङ) समन्वय र सम्पर्क सम्बन्धी कार्य गर्ने :

(१) अन्य मन्त्रालय, सरकारी र गैरसरकारी संस्था, स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (HEOC), अन्य आपत्कालीन कार्यसञ्चालन केन्द्र र सञ्चारकर्मीसंग जनस्वास्थ्यको आपातकालीन अवस्थाको अनुसन्धान र नियन्त्रणका लागि उपलब्ध श्रोतको परिचालन गर्न समन्वय गर्ने,

(२) संघीय द्रुत प्रतिकार्य समिति तथा अन्य सम्बन्धित सरोकारवाला निकायमा नियमित रूपमा प्रतिवेदन पेश गर्ने ।

(च) समिक्षा र सिफारिस सम्बन्धी कार्य गर्ने :

(१) जनस्वास्थ्य आपत्कालीन घटनाको कारण पहिचान गर्ने र भविष्यमा सोही प्रकृतिको घटनाको रोकथामका लागि उपयुक्त उपाय सिफारिस गर्ने,

(२) पूर्वतयारी र न्यूनिकरणका लागि द्रुत प्रतिकार्य समितिलाई पृष्ठपोषण दिने,

(३) संघीय द्रुत प्रतिकार्य समितिद्वारा संचालित समिक्षा कार्यक्रममा सक्रिय रूपमा सहभागी हुने ।

६. <u>प्रादेशिक द्रुत प्रतिकार्य समितिको गठन तथा काम, कर्तव्य र अधिकार</u>: (१) द्रुत प्रतिकार्य सम्बन्धी कार्यलाई प्रादेशिक रुपमा सहज, सरल र सङ्गठित रुपमा व्यवस्थापन समेत गर्नको लागि प्रत्येक प्रदेशमा देहायका पदाधिकारी रहेको प्रादेशिक द्रुत प्रतिकार्य समिति गठन गरिनेछ :-

(क) निर्देशक, प्रदेश स्वास्थ्य निर्देशनालय -संयोजक

(ख) विपद् विषय हेर्ने महाशाखा प्रमुख, प्रदेशको मन्त्रिपरिषद्को कार्यालय प्रतिनिधि -सदस्य

(ग) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, स्वास्थ्य विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) प्रदेश जनस्वास्थ्य प्रयोगशालाको निर्देशक वा प्राविधिक अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ङ) प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको निर्देशक वा प्राविधिक अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(च) निर्देशनालय अवस्थित जिल्लामा रहेको प्रादेशिक वा संक्रामक रोग अस्पतालको प्रमुख -सदस्य

(छ) प्रमुख, प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसंचालन केन्द्र -सदस्य

(ज) प्रादेशिक प्राविधिक विज्ञ, विश्व स्वास्थ्य सङ्गठन -सदस्य

(झ) प्रमुख, चिकित्सा सेवा तथा रोग नियन्त्रण शाखा वा महामारी सम्बन्धी कार्य गर्ने शाखा, प्रदेश स्वास्थ्य निर्देशनालय - सदस्य सचिव

(२) यस समितिको बैठकमा विपद् तथा महामारीको प्रकृति अनुसार अन्य सरकारी निकाय, वा साझेदार संस्था तथा विषय विज्ञहरुलाई पहिचान गरी आमन्त्रण गर्न सकिनेछ ।

(३) यस समितिको सचिवालय चिकित्सा सेवा तथा रोग नियन्त्रण शाखा वा महामारी सम्बन्धी कार्य गर्ने शाखा, प्रदेश स्वास्थ्य निर्देशनालयमा रहनेछ ।

(४) प्रादेशिक द्रुत प्रतिकार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संघीय र स्थानीय द्रुत प्रतिकार्य समितिसंग समन्वय गरी आफ्नो प्रदेश भित्र विभिन्न रोगको महामारीका सबै चरणमा (पूर्वतयारी, प्रतिकार्य तथा महामारी पश्चातको अवस्था) विभिन्न निकाय बीच समन्वय गर्ने,

(ख) विपद् तथा महामारी ब्यावस्थापन र अनुसन्धानको लागि प्रादेशिक द्रुत प्रतिकार्य टोली निर्धारण गरी परिचालन गर्ने,

(ग) नियमित रुपमा बैठक बसी उपलब्ध तथ्याङ्कको (जस्तै सर्भिलेन्स प्रणालीबाट प्राप्त तथ्याङ्क) विश्लेषण सहित परिस्थितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(घ) विपद् तथा महामारीको बेलामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४ द्वारा निर्दिष्ट गरिएको प्रादेशिक विपद् व्यवस्थापन समितिको आदेश पालना

गर्दै विभिन्न तहमा गठित समिति र संयन्त्रका साथै बहुनिकाय समन्वयात्मक परिचालन तथा प्रतिकार्यको सुनिश्चितता गर्ने,

(ङ) विपद् तथा महामारी व्यवस्थापनको योजना तथा कार्यविधिका साथै आपत्कालीन स्वास्थ्य योजना निर्माण गरी लागू गर्ने,

(च) द्रुत प्रतिकार्यका असल अभ्यास तथा सिकाइलाई अभिलेखीकरण गर्ने,

(छ) द्रुत प्रतिकार्य टोली परिचालनका लागि आवश्यक पर्ने जनशक्ति, सर-सामग्री तथा अन्य आर्थिक श्रोतको पहिचान गरी उपलब्धताको सुनिश्चितता गर्ने,

(ज) द्रुत प्रतिकार्य टोलीको क्रियाकलापको अनुगमन तथा सुपरिवेक्षण गरी आवश्यक पृष्ठपोषण दिने,

(झ) विपद् तथा महामारी व्यस्थापनकालागि द्रुत जोखिम मूल्यांकन गर्न सहजीकरण गर्ने र आवश्यक सूचना सम्प्रेषण गर्ने,

(ञ) स्वास्थ्य आपत्कालीन तयारी र विपद् जोखिम व्यवस्थापनको योजना र प्राथमिकताका लागि सार्वजनिक स्वास्थ्य जोखिमहरूको मूल्याङ्कन तथा वर्गीकरणको खाका अनुसार जोखिमहरूको मूल्याङ्कन तथा वर्गीकरण गर्ने,

(ट) द्रुत प्रतिकार्य टोलीमा खटिने कर्मचारीको सुरक्षाका लागि सम्बन्धित निकायसंग समन्वय गर्ने,

(ठ) आवश्यकता अनुसार सम्बन्धित फोकल एजेन्सीहरूसंग समन्वय गरी परिस्थितिको अवस्था बारे तथा जोखिम मूल्याङ्कनको लागि समन्वय गर्ने,

(ड) महामारी व्यवस्थापनको योजना तथा कार्यविधिका साथै आपत्कालीन स्वास्थ्य योजना निर्माण गरी लागू गर्ने,

(ढ) सबै तहबाट खटिने द्रुत प्रतिकार्य टोलीको सुरक्षाका लागि सम्बन्धित निकायसंग समन्वय गर्ने,

(ण) विपद् तथा महामारी व्यवस्थापनका लागि सम्बन्धित विषय विज्ञ र सरोकारवाला पहिचान गरी समय-समयमा सूची अद्यावधिक गर्ने,

(त) यस समितिले प्रादेशिक द्रुत प्रतिकार्य टोलीले तयार गरेको प्रतिवेदन सुरक्षित राखी आवश्यकता अनुसार संघीय द्रुत प्रतिकार्य समितिलाई पेश गर्ने,

(थ) विपद् तथा महामारी व्यवस्थापनको आवश्यकता अनुसार तत्काल द्रुत प्रतिकार्य टोली परिचालन गर्नुपर्ने भएमा समितिको संयोजकको आदेशमा टोली परिचालन गर्ने ।

७. <u>प्रादेशिक द्रुत प्रतिकार्य समितिको बैठक सम्बन्धी व्यवस्था</u> : (१) प्रादेशिक द्रुत प्रतिकार्य समितिको बैठक वर्षको कम्तीमा दुई पटक र आवश्यकता अनुसार बस्नेछ । यसरी बस्ने एक बैठक र अर्को बैठक बीचको अन्तर छ महिना भन्दा बढी नहुने ।

(२) संयोजकको निर्देशनमा प्रादेशिक द्रुत प्रतिकार्य समितिको सदस्य-सचिवले प्रादेशिक द्रुत प्रतिकार्य समितिको बैठक बोलाउनेछ ।

(३) प्रादेशिक द्रुत प्रतिकार्य समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>प्रादेशिक द्रुत प्रतिकार्य टोलीको गठन र काम, कर्तव्य र अधिकार</u> : (१) प्रादेशिक द्रुत प्रतिकार्य समितिलाई प्राविधिक सहयोग र समन्वय गर्न हरेक प्रदेशमा प्रदेश स्वास्थ्य निर्देशनालय अन्तर्गत चिकित्सा सेवा तथा रोग नियन्त्रण शाखा वा महामारी सम्बन्धी कार्य गर्ने शाखा प्रमुखको संयोजकत्वमा प्रादेशिक द्रुत प्रतिकार्य टोली रहनेछ ।

(२) सो प्रादेशिक द्रुत प्रतिकार्य टोलीमा देहायका सदस्यहरु रहने छन् :

(क) फेमिली फिजिसियन/फिजिसियन

(ख) मेडिकल अधिकृत

(ग) जनस्वास्थ्य अधिकृत / जनस्वस्थ्य निरीक्षक,

(घ) हे.अ./ सि.अ.हे.व. / अ.हे.व

(ङ) स्टाफ नर्स/सि.अ.न.मी

(च) मे.ल्या.टे/ल्या.टे./ल्या.अ.

(छ) विषय विज्ञ मेडिकल कलेज/स्वा. वि. प्रतिष्ठानबाट विज्ञहरु रहने गरी समितिले आवश्यकता अनुसार पदाधिकारी थपघट गर्न सक्नेछ ।

महामारीको प्रकृति अनुसार विभिन्न विभाग, निकाय तथा सहयोगी संस्थाहरुबाट विज्ञ तथा प्राविधिकहरु ( जस्तै पशु स्वास्थ्य, खाद्य, WASH, भे. क. नि, स्वास्थ्य शिक्षा अधिकृत आदि) परिचालन गर्न सकिने छ ।

यसरी बढीमा ११ सदस्यीय एक प्रादेशिक द्रुत प्रतिकार्य टोलीको गठन गरिनेछ ।

(३) प्रादेशिक द्रुत प्रतिकार्य टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आपत्कालीन जनस्वास्थ्य घटना वा अवस्थाको अनुसन्धान, व्यवस्थापन तथा नियन्त्रण गर्न संघीय वा प्रादेशिक द्रुत प्रतिकार्य समितिद्वारा प्रदान गरिएको कार्ययोजनाको कार्यान्वयन गर्ने र निर्देशन अनुसार कार्य गर्ने,

(ख) आपत्कालीन जनस्वास्थ्य घटनाको अनुसन्धान गर्नेः

(१) महामारीको पुष्टि गर्ने,

(२) प्रारम्भिक अवस्थामा क्लिनिकल र इपिडिमियोलोजिकल विशेषताको आधारमा कार्य परिभाषा (Working case definition) बनाउने,

(३) सो घटनासँग सम्बन्धित सबै प्रभावित बिरामीको खोजी गर्ने र उपयुक्त जनसांख्यिक, क्लिनिकल र इपिडिमियोलोजिकल विवरण समेटिने गरी विस्तृत सूची (Line list) तयार पार्ने,

(४) सूची (Line list) बाट प्राप्त निष्कर्षको आधारमा रोगको प्रकृति र सिंड्रोम पहिचान गर्ने,

(५) रोग कसरी फैलिरहेको छ भन्ने (Mode of transmission) पहिचान गर्ने,

(६) संक्रमण नियन्त्रणका लागि सावधानी अपनाई उपयुक्त क्लिनिकल र वातावरणीय नमुना सङ्कलन गरि नमुना प्रयोगशाला परीक्षणका लागि उचित तवरले प्याकेज गरी सम्बन्धित प्रयोगशालामा पठाउने,

(७) संकलन गरिएको जानकारीको आधारमा इपिडिमियोलोजिकल बिश्लेषण गर्ने

(८) अनुसन्धानको प्रारम्भिक रिपोर्ट, अन्तरिम रिपोर्ट र अन्तिम प्रतिवेदन तयार गरी द्रुत प्रतिकार्य समितिमा पेश गर्ने ।

(ग) रोग फैलिन नदिन र रोकथामका लागि उपयुक्त कार्य गर्नेः

(१) स्वास्थ्यकर्मी, सर्वसाधारण र समुदायका लागि संक्रमण रोकथामका उपायहरू अपनाउने,

(२) उपयुक्त देखिएमा Prophylaxis गर्ने (औषधि वा खोपद्वारा),

(३) आवश्यकता अनुसार सङ्क्रमित व्यक्तिको isolation र लक्षण नदेखिएका तर exposed व्यक्तिको quarantine गर्ने, केस खोजपडताल तथा कन्टयाक्ट ट्रेसिंग (CICT) गर्ने,

(४) वातावरणीय विधि जस्तैः पानीको नमुना परीक्षण, पानी शुद्धिकरण गर्ने विधि, हात धुने तरिका, सरसफाइ प्रवर्धन, भेक्टर कन्ट्रोललाई आवश्यकता अनुसार अवलम्बन गर्ने,

(५) समुदायमा उपयुक्त जानकारी प्रवाह गर्न सञ्चार माध्यमको सहायता लिने, प्रभावकारी जोखिम सञ्चार र सामुदायिक सहभागिता गर्ने ।

(घ) बिरामीको उपयुक्त उपचार व्यवस्थापन गरी आपातकालीन स्वास्थ्य घटनाबाट हुन सक्ने मृत्यु, जटिलता र अपाङ्गतालाई रोकथाम गर्न वा घटाउन स्वास्थ्य संस्थामा प्राविधिक सहयोग र आवश्यक औषधी, औजार वा उपकरणको आपूर्ति व्यवस्थापन गर्न सहजीकरण गर्ने :

(१) स्वास्थ्य संस्थामा बिरामीको चापको व्यवस्थापन गर्न Triage, Isolation, Cohorting आदि कार्यमा सघाउ तथा अनुगमन मूल्याङ्कन गर्ने,

(२) स्वास्थ्य संस्थाले प्रदान गरेको उपचार पद्दतिको मूल्याङ्कन र अनुगमन गर्ने,

(३) स्वास्थ्य संस्थाले उपचार व्यवस्थापनमा महसुस गरेका समस्या र चुनौती पत्ता लगाउने,

(४) स्तरीय उपचार पद्धति अनुसार बिरामीको उपचार व्यवस्थापन गर्न स्वास्थ्य संस्था र विशेषज्ञ संस्था बीच समन्वय गर्ने,

(५) आवश्यक औषधि, मेडिकल उपकरण र सामग्रीको व्यवस्था गर्न सहजीकरण गर्ने ,

(६) आवश्यकता अनुसार स्वास्थ्य संस्थामा थप स्वास्थ्यकर्मीको व्यवस्थापन गर्न सहजीकरण गर्ने,

(७) प्रेषण प्रणाली (Community triage, stabilization, safe transport, ambulance services etc) को मूल्याङ्कन गर्ने र बिरामीको उपयुक्त प्रेषण भएको सुनिश्चित गर्ने ।

(ङ) समन्वय र सम्पर्क सम्बन्धी कार्य गर्ने :

(१) स्थानीय समुदाय, जनप्रतिनिधि, सरकारी र गैरसरकारी संस्था, प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (PHEOC), अन्य आपत्कालीन कार्यसञ्चालन केन्द्र र सञ्चारकर्मीसँग जनस्वास्थ्यको आपातकालीन अवस्थाको अनुसन्धान र नियन्त्रणका लागि उपलब्ध स्थानीय स्रोतको परिचालन गर्न समन्वय गर्ने,

(२) थप सहयोगका लागी स्थानीय निकाय, स्वास्थ्य संस्था र उच्चस्तरको स्वास्थ्य संस्था बीच समन्वय गर्ने,

(३) संघीय / प्रादेशिक द्रुत प्रतिकार्य समिति तथा अन्य सम्बन्धित सरोकारवाला निकायमा नियमित रूपमा प्रतिवेदन गर्ने ।

(४) यदि प्रदेश स्तरमा अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावलीमा सूचित रोगहरु वा अन्तर्राष्ट्रिय स्तरमा आपत्कालीन घोषणा भएका रोगहरु मध्य कुनै रोगहरु देखिएमा संघ (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा) लाई तुरुन्त सूचना दिनुपर्नेछ ।

(च) समिक्षा र सिफारिस सम्बन्धी कार्य गर्ने :

(१) जनस्वास्थ्य आपत्कालीन घटनाको कारण पहिचान गर्ने र भविष्यमा सोही प्रकृतिको घटनाको रोकथामका लागि उपयुक्त उपाय सिफारिस गर्ने,

(२) पूर्वतयारी र न्यूनिकरणका लागि द्रुत प्रतिकार्य समितिलाई पृष्ठपोषण दिने,

(३) द्रुत प्रतिकार्य समितिद्वारा संचालित समिक्षामा सक्रिय रूपमा सहभागी हुने ।

९. <u>जिल्ला द्रुत प्रतिकार्य टोली गठन र काम, कर्तव्य र अधिकार</u> : (१) द्रुत प्रतिकार्य सम्बन्धी कार्यलाई जिल्ला तहबाट समेत व्यवस्थापन गर्नको लागि प्रत्येक जिल्लामा स्वास्थ्य कार्यालय प्रमुखको संयोजकत्वमा जिल्ला द्रुत प्रतिकार्य टोली रहने छ ।

(२) जिल्ला द्रुत प्रतिकार्य टोलीमा देहायका सदस्यहरु रहने छन् :

क) मेडिकल अधिकृत (सम्बन्धित जिल्ला अन्तर्गतको संघीय, प्रादेशिक वा निजी अस्पताल बाट),

ख) जनस्वास्थ्य अधिकृत / जनस्वस्थ्य निरीक्षक,

ग) किटजन्य रोग नियन्त्रण कार्यक्रम हेर्ने फोकल व्यक्ति,

घ) ल्याब टेक्नेसियन/ल्याब असिस्टेन्ट

ङ) हे.अ/सि.अ.हे.व / अ.हे.व,

च) प.हे.न/स्टाफ नर्स

छ) नर्स/सि.अनमी

ज) तथ्याङ्क अधिकृत/ तथ्याङ्क सहायक

झ) जिन्सी व्यवस्थापक रहने गरी आवश्यकता अनुसार पदाधिकारी थपघट गर्न सकिनेछ ।

महामारीको प्रकृति अनुसार विभिन्न विभाग, निकाय तथा सहयोगी संस्थाहरुबाट विज्ञ तथा प्राविधिकहरु ( जस्तै पशु स्वास्थ्य, खाद्य, WASH, भे. क. नि, स्वास्थ्य शिक्षा अधिकृत आदि) परिचालन गर्न सकिने छ ।

यसरी बढीमा ११ सदस्यको जिल्ला द्रुत प्रतिकार्य टोलीको परिचालन गरिने छ ।

(३) जिल्ला द्रुत प्रतिकार्य टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रादेशिक द्रुत प्रतिकार्य समितिद्वारा प्रदान गरिएको कार्ययोजनाको कार्यान्वयन निर्देशन पालना गर्ने , प्रदेश र स्थानीय तहबीच समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ख) जिल्ला विपद् व्यस्थापन समितिसँगको समन्वयमा विभिन्न रोगको महामारीका सबै चरणमा (पूर्वतयारी, प्रतिकार्य तथा महामारी पश्चातको अवस्था) विभिन्न निकायबीच समन्वयको काम गर्ने,

(ग) जिल्ला अन्तर्गतका पालिकसँगको सहकार्यमा पालिकामा हुने विभिन्न महामारी व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(घ) प्रदेशको सहयोगमा द्रुत प्रतिकार्य सम्बन्धी जिल्ला तथा पालिकास्तरीय तालिम सञ्चालन गर्ने,

(ङ) आपत्कालीन जनस्वास्थ घटनाको अनुसन्धान गर्ने वा गर्न सहजीकरण गर्ने,

(१) महामारीको पुष्टी गर्ने वा गर्न सहजीकरण गर्ने,

(२) प्रारम्भिक अवस्थामा क्लिनिकल र इपिडिमियोलोजिकल विशेषताको आधारमा कार्य परिभाषा (Working case definition) बनाउने वा बनाउन सहजीकरण गर्ने,

(३) सो घटनासँग सम्बन्धित सबै प्रभावित बिरामीको खोजी गर्ने र उपयुक्त जनसांख्यिक, क्लिनिकल र इपिडिमियोलोजिकल विवरण समेटिने गरी विस्तृत सूची (Line list) तयार पार्ने वा पार्न सहजीकरण गर्ने,

(४) सूची (Line list) बाट प्राप्त निष्कर्षको आधारमा रोगको प्रकृति र सिंड्रोम पहिचान गर्ने वा गर्न सहजीकरण गर्ने,

(५) रोग कसरी फैलिरहेको छ भन्ने (Mode of transmission) पहिचान गर्ने वा गर्न सहजीकरण गर्ने,

(६) संक्रमण नियन्त्रणका लागि सावधानी अपनाई उपयुक्त क्लिनिकल र वातावरणीय नमुना सङ्कलन गरी नमुना प्रयोगशाला परीक्षणका लागि उचित तवरले प्याकेज गरी सम्बन्धित प्रयोगशालामा पठाउने वा पठाउन सहजीकरण गर्ने,

(७) संकलन गरिएको जानकारीको आधारमा इपिडिमियोलोजिकल बिश्लेषण गर्ने वा गर्न सहजीकरण गर्ने,

(८) अनुसन्धानको प्रारम्भिक रिपोर्ट, अन्तरिम रिपोर्ट र अन्तिम प्रतिवेदन तयार गरि द्रुत प्रतिकार्य समितिमा पेश गर्ने वा गर्न सहजीकरण गर्ने ।

(च) रोग फैलिन नदिन र रोकथामका लागि उपयुक्त कार्य गर्ने वा गर्न सहजीकरण गर्ने,

(१) स्वास्थकर्मी, सर्वसाधारण र समुदायका लागि संक्रमण रोकथामका उपाय अपनाउने वा अपनाउन सहजीकरण गर्ने,

(२) उपयुक्त देखिएमा Prophylaxis गर्ने (औषधि वा खोपद्वारा) वा गर्न सहजीकरण गर्ने,

(३) आवश्यकता अनुसार सङ्क्रमित व्यक्तिको isolation र लक्षण नदेखिएका तर exposed व्यक्तिको quarantine गर्ने , केस खोजपडताल तथा कन्टयाक्ट ट्रेसिंग ( CICT) गर्ने वा गर्न सहजीकरण गर्ने,

(४) वातावरणीय विधि जस्तैः पानीको नमुना परीक्षण, पानी शुद्धिकरण गर्ने विधि, हातधुने तरिका, सरसफाइ प्रवर्द्धन, भेक्टर कन्ट्रोललाई आवश्यकता अनुसार अवलम्बन गर्ने वा गर्न सहजीकरण गर्ने,

(५) समुदायमा उपयुक्त जानकारी प्रवाह गर्न सञ्चार माध्यमको सहायता लिने, प्रभावकारी जोखिम सञ्चार र सामुदायिक सहभागिता गर्ने वा गर्न सहजीकरण गर्ने ।

(छ) बिरामीको उपयुक्त उपचार व्यवस्थापन गरी आपातकालीन स्वास्थ्य घटनाबाट हुनसक्ने मृत्यु, जटिलता र अपाङ्गतालाई रोकथाम गर्न वा घटाउन स्वास्थ्य संस्थामा प्राविधिक सहयोग र आवश्यक औषधी, औजार वा उपकरणको आपूर्ति व्यवस्थापन गर्ने वा गर्न सहजीकरण गर्ने,

(१) स्वास्थ्य संस्थामा बिरामीको चापको व्यवस्थापन गर्न Triage, Isolation, Cohorting आदि कार्यमा सघाउ तथा अनुगमन मूल्याङ्कन गर्ने वा गर्न सहजीकरण गर्ने,

(२) स्वास्थ्य संस्थाले प्रदान गरेको उपचार पद्दतिको मूल्याङ्कन र अनुगमन गर्ने

(३) स्वास्थ्य संस्थाले उपचार व्यवस्थापनमा महसुस गरेका समस्या र चुनौती पत्ता लगाउने,

(४) स्तरीय उपचार पद्धति अनुसार बिरामीको उपचार व्यवस्थापन गर्न स्वास्थ्य संस्था र विशेषज्ञ संस्था बीच समन्वय गर्ने,

(५) आवश्यक औषधि, मेडिकल उपकरण र सामग्रीको व्यवस्था गर्न सहजीकरण गर्ने,

(६) आवश्यकता अनुसार स्वास्थ्य संस्थामा थप स्वास्थ्यकर्मीको व्यवस्थापन गर्न सहजीकरण गर्ने,

(७) प्रेषण प्रणाली (Community triage, stabilization, safe transport , ambulance services etc) को मूल्याङ्कन गर्ने र बिरामीको उपयुक्त प्रेषण भएको सुनिश्चित गर्ने ।

(ज) समन्वय र सम्पर्कः स्थानीय समुदाय, जनप्रतिनिधि, सरकारी र गैरसरकारी संस्था, प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (PHEOC), अन्य आपत्कालीन कार्यसञ्चालन केन्द्र र सञ्चारकर्मीसँग जनस्वास्थ्यको आपातकालीन अवस्थाको अनुसन्धान र नियन्त्रणका लागि उपलब्ध स्थानीय स्रोतको परिचालन गर्न समन्वय गर्ने,

(१) थप सहयोगका लागी स्थानीय निकाय, स्वास्थ्य संस्था र उच्चस्तरको स्वास्थ्य संस्था बीच समन्वय गर्ने,

(२) प्रादेशिक द्रुत प्रतिकार्य समिति तथा अन्य सम्बन्धित सरोकारवाला निकायमा नियमित रूपमा प्रतिवेदन पेश गर्ने ।

(३) विपद्को समयमा प्रमुख जिल्ला अधिकारीको मातहतमा रहेको विपद् व्यवस्थापन समिति/सो सरहको निकायसंग पनि समन्वय गर्ने र नियमित सम्पर्कमा रहने |

(झ) समिक्षा र सिफारिसहरू :

(१) जनस्वास्थ्य आपत्कालीन घटनाको कारण पहिचान गर्ने र भविष्यमा सोही प्रकृतिको घटनाको रोकथामका लागि उपयुक्त उपाय सिफारिस गर्ने,

(२) पूर्वतयारी र न्यूनिकरणका लागि प्रादेशिक द्रुत प्रतिकार्य समितिलाई पृष्ठपोषण दिने,

(३) प्रादेशिक द्रुत प्रतिकार्य समितिद्वारा संचालित समिक्षामा सक्रिय रूपमा सहभागी हुने ।

१०. स्थानीय द्रुत प्रतिकार्य समितिको गठन र काम, कर्तव्य र अधिकार : (१) हरेक स्थानीय तहमा देहायका पदाधिकारी रहेको एक स्थानीय द्रुत प्रतिकार्य समिति रहनेछ :-

(क) नगर वा गाउँ कार्यपालिकाको प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

(ग) स्थानीय तह स्थित अस्पताल प्रमुख -सदस्य

(घ) विपद् व्यवस्थापन शाखा प्रमुख -सदस्य

(ङ) स्थानीय तहको स्वास्थ्य प्रमुख -सदस्य-सचिव

(२) यस समितिको बैठकमा विपद् तथा महामारीको प्रकृति अनुसार अन्य सरकारी निकाय, वा साझेदार संस्था तथा विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) यस समितिको सचिवालय स्थानीय तहको स्वास्थ्य प्रमुखको कार्यालयमा रहनेछ ।

(४) स्थानीय द्रुत प्रतिकार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विपद् तथा महामारी ब्यावस्थापन र अनुसन्धानको लागि द्रुत प्रतिकार्य टोली निर्धारण गरी परिचालन गर्ने,

(ख) कुनै पनि अफवाह प्रमाणिकरण भैसकेपछी महामारीको घोषणा गर्नु पुर्व प्रदेश तथा केन्द्रसंग आवश्यक प्राविधिक सल्लाह सुझाव लिनको लागि समन्वय गर्ने,

(ग) विपद् तथा महामारी व्यवस्थापनको योजना तथा कार्यविधिका साथै आपत्कालीन स्वास्थ्य योजना निर्माण गरी लागू गर्ने तथा स्थानीय तह भित्र विभिन्न रोगको महामारीका सबै चरणमा (पूर्वतयारी, प्रतिकार्य तथा महामारी पश्चातको अवस्था) विभिन्न निकाय बीच समन्वय गर्ने,

(घ) नियमित रुपमा बैठक बसी उपलब्ध तथ्याङ्कको (जस्तै सर्भिलेन्स प्रणालीबाट प्राप्त तथ्याङ्क) विश्लेषण सहित परिस्थितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(ङ) जनस्वास्थ्य महामारीको प्रतिकार्यको नेतृत्व लिने र आवश्यक प्राविधिक सहयोगको लागि प्रदेश तथा संघसंग समन्वय गर्ने,

(च) जनस्वास्थ्य महामारीको बेलामा विभिन्न तहमा गठित संयन्त्रका साथै बहुनिकाय समन्वयात्मक परिचालन तथा प्रतिकार्यको सुनिश्चित गर्ने,

(छ) महामारी व्यवस्थापनका लागि सम्बन्धित सरोकारवालाहरू (जस्तैः खाने पानी हेर्ने कार्यालय, पशु स्वास्थ्य सेवा हेर्ने कार्यालय आदि) को पहिचान गरी समय-समयमा सूची अद्यावधिक गर्ने,

(ज) द्रुत प्रतिकार्यका असल अभ्यास तथा सिकाइलाई अभिलेखीकरण गर्ने,

(झ) द्रुत प्रतिकार्य टोली परिचालनका लागि आवश्यक पर्ने जनशक्ति, सर-सामग्री तथा अन्य आर्थिक श्रोतको पहिचान गरी उपलब्धताको सुनिश्चितता गर्ने,

(ञ) द्रुत प्रतिकार्य टोली को क्रियाकलापको अनुगमन तथा सुपरिबेक्षण गरी आवश्यक पृष्ठपोषण दिने,

(ट) सबै तह बाट खटिने द्रुत प्रतिकार्य टोली को सुरक्षाका लागि सम्बन्धित निकायसंग समन्वय गर्ने,

(ठ) विपद् तथा महामारी व्यस्थापनकालागि द्रुत जोखिम मूल्यांकन गर्न सहजीकरण गर्ने र आवश्यक सूचना सम्प्रेसण गर्ने,

(ड) यस समितिले स्थानीय द्रुत प्रतिकार्य टोलीले तयार गरेको प्रतिवेदन सुरक्षित राखी आवश्यकता अनुसार प्रादेशिक र संघीय द्रुत प्रतिकार्य समितिलाई पेश गर्नु पर्नेछ।

११. स्थानीय द्रुत प्रतिकार्य टोलीको गठन र काम, कर्तव्य र अधिकार : (१) स्थानीय द्रुत प्रतिकार्य समितिलाई प्राविधिक सहयोग र समन्वय गर्न प्रत्येक स्थानीय तहमा स्थानीय स्वास्थ्य शाखा प्रमुखको संयोजकत्वमा स्थानीय द्रुत प्रतिकार्य टोली रहनेछ ।

२) स्थानीय द्रुत प्रतिकार्य टोलीमा देहायका सदस्यहरु रहनेछन्-

क) मेडिकल अधिकृत,

ख) जनस्वास्थ्य अधिकृत/जनस्वस्थ्य निरीक्षक,

ग) हे.अ / सि.अ.हे.व / अ.हे.व,

घ) ल्याव असिष्टेन्ट/ल्याव टेक्नीसियन्,

ङ) पव्लीक हेल्थ नर्स/अ.न.मी.,

च) स्थानीय स्वास्थ्य संस्थाको प्रमुख,

छ) स्थानीय स्वास्थ्य शाखाको तथ्याङ्क हेर्ने फोकल ब्यक्ति, रहने गरी समितिले आवश्यकता अनुसार पदाधिकारी थपघट गर्न सक्नेछ ।

महामारीको प्रकृति अनुसार विभिन्न विभाग, निकाय तथा सहयोगी संस्थाहरुबाट विज्ञ तथा प्राविधिकहरु ( जस्तै पशु स्वास्थ्य, खाद्य, WASH, भे. क. नि, स्वास्थ्य शिक्षा अधिकृत आदि) परिचालन गर्न सकिने छ ।

यसरी बढीमा ११ सदस्यीय एक स्थानीय द्रुत प्रतिकार्य टोली रहनेछ। साथै आवश्यक परेको खण्डमा एक भन्दा बढी टोली बनेर परिचालन गर्न सकिनेछ ।

(३) स्थानीय द्रुत प्रतिकार्य टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अफवाह प्रमाणीकरण गर्ने,

(ख) आपत्कालीन जनस्वास्थ्य समस्या पहिचान गरी जोखिम पहिचान गर्ने,

(ग) श्रोत, साधन सहित प्रभावित क्षेत्रमा परिचालित हुने,

(घ) प्रभावित क्षेत्रका वडासँग समन्वय, सहकार्य गर्ने,

(ङ) स्थानीय द्रुत प्रतिकर्य समितिको निणर्यलाई कार्यान्वयन गर्ने र गराउने,

(च) वडा स्तरीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी एकद्धार प्रणालीबाट कार्य गर्ने,

(छ) स्थानीय स्तरका प्राईभेट औषधि पसल, क्लीनिक, मेडकिल कलेज, स्वास्थ्य क्षेत्रमा कार्यरत सङ्घ संस्थासँग समन्वय गरी स्थानीय स्तरको श्रोतको उच्चतम प्रयोग गर्ने गराउने,

(ज) खान, बस्नको आवश्यक व्यवस्थाको साथै टिमका सदस्यलाई कामको जिम्मेवारी तोक्ने,

(झ) आवश्यकता अनुसार विरामीको औषधी उपचार गर्नका लागि अस्पतालको पहिचान गरी प्रेषणको व्यवस्था मिलाउने,

(ञ) रोगको नियन्त्रण नहुन्जेल सम्म केस खोजपडताल तथा कन्ट्राक्ट ट्रेसिङ्ग गर्ने कार्यलाई निरन्तरता दिने,

(ट) आवश्यक्ता अनुसार वातावरणीय सुरक्षा विधि तथा व्यक्तिगत सरसफाइका कार्य गर्न वा गराउन लगाउने,

(ठ) स्वास्थ्य शिक्षा मार्फत उचित सञ्चारका माध्यम छनौट गरी जनचेतना फैलाउने कार्य गर्ने,

(ड) सङ्कलन गरिएको तथ्याङ्कको आधारमा समय, स्थान तथा व्यक्तिहरुको बारेमा महामारीको विश्लेषण गर्ने,

(ढ) दैनिक रुपमा तोकिएको सम्बन्धित निकायलाई प्रतिवेदन पठाउने,

(ण) दैनिक रुपमा द्रूत प्रतिकार्य टोलीद्वारा गरिएका क्रियाकलापको बारेमा बैठक बसी समिक्षा गर्ने,

(त) प्रकोपको समयमा मृत्यु हुनेको Verbal Autopsy लिने,

(थ) वडाका जनप्रतिनिधि लगायत प्रकोप स्थलका गन्यमान्य व्यक्तिहरुलाई भेला गराई अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गरी रोग कसरी फैलिएको हो, के बाट सरेको हो तथा रोगको प्रकोप रोकथाम तथा नियन्त्रणमा गरिएका क्रियाकलापबारे प्रस्तुतीकरण मार्फत जानकारी गराउने,

(द) अनुसन्धानको प्रारम्भिक रिपोर्ट, अन्तरिम रिपोर्ट र अन्तिम प्रतिवेदन तयार गरी द्रुत प्रतिकार्य समिति समक्ष प्रस्तुतीकरण गरी प्रतिवेदन पेश गर्ने,

(ध) प्रकोप स्थलबाट द्रूत प्रतिकार्य टोली फर्केपछि आवश्यकत्ता अनुसार Isolation तथा Quarantine मा बस्ने व्यवस्था मिलाउने तथा सहजिकरण गर्ने,

(न) जिल्ला द्रूत प्रतिकार्य टोलीसंग समन्वय गरी कार्य समेत गर्ने,

(प) स्थानीय विपद् व्यस्थापन समितिसँगको समन्वयमा विभिन्न रोगको महामारीका सबै चरणमा (पूर्वतयारी, प्रतिकार्य तथा महामारी पश्चातको अवस्था) विभिन्न निकायबीच समन्वयको काम गर्ने,

(फ) प्रदेश तथा जिल्लाको सहयोगमा द्रुत प्रतिकार्य सम्बन्धी पालिकास्तरीय तालिम सञ्चालन गर्ने,

(ब) आपत्कालीन जनस्वास्थ्य घटनाको अनुसन्धान गर्ने,

(१) महामारीको पुष्टि गर्ने,

(२) प्रारम्भिक अवस्थामा क्लिनिकल र इपिडिमियोलोजिकल विशेषताको आधारमा कार्य परिभाषा (Working case definition) बनाउने,

(३) सो घटनासँग सम्बन्धित सबै प्रभावित बिरामीको खोजी गर्ने र उपयुक्त जनसांख्यिक, क्लिनिकल र इपिडिमियोलोजिकल विवरण समेटिने गरी विस्तृत सूची (Line list) तयार पार्ने,

(४) सूची (Line list) बाट प्राप्त निष्कर्षको आधारमा रोगको प्रकृति र सिंड्रोम पहिचान गर्ने,

(५) रोग कसरी फैलिरहेको छ भन्ने (Mode of transmission) पहिचान गर्ने,

(६) संक्रमण नियन्त्रणका लागि सावधानी अपनाई उपयुक्त क्लिनिकल र वातावरणीय नमुना सङ्कलन गरी नमुना प्रयोगशाला परीक्षणका लागि उचित तवरले प्याकेज गरि पठाउने,

(७) संकलन गरिएको जानकारीको आधारमा इपिडिमियोलोजिकल बिश्लेषण गर्ने,

(८) अनुसन्धानको प्रारम्भिक रिपोर्ट, अन्तरिम रिपोर्ट र अन्तिम प्रतिवेदन तयार गरि द्रुत प्रतिकार्य समितिमा पेश गर्ने ।

(भ) रोग फैलिन नदिन र रोकथामका लागि उपयुक्त कार्य गर्ने :

(१) स्वास्थकर्मी, सर्वसाधारण र समुदायका लागि संक्रमण रोकथामका उपायहरू अपनाउने वा अपनाउन सहजीकरण गर्ने,

(२) उपयुक्त देखिएमा Prophylaxis गर्ने (औषधि वा खोपद्वारा),

(३) आवश्यकता अनुसार सङ्क्रमित व्यक्तिको isolation र लक्षण नदेखिएका तर exposed व्यक्तिको quarantine गर्ने , केस खोजपडताल तथा कन्टयाक्ट ट्रेसिंग (CICT) गर्ने,

(४) वातावरणीय विधि जस्तैः पानीको नमुना परीक्षण, पानी शुद्धिकरण गर्ने विधि, हातधुने तरिका, सरसफाइ प्रवर्द्धन, भेक्टर कन्ट्रोललाई आवश्यकता अनुसार अवलम्बन गर्ने,

(५) समुदायमा उपयुक्त जानकारी प्रवाह गर्न सञ्चार माध्यमको सहायता लिने, प्रभावकारी जोखिम सञ्चार र सामुदायिक सहभागिता गर्ने ।

(म) बिरामीको उपयुक्त उपचार व्यवस्थापन गरी आपातकालीन स्वास्थ्य घटनाबाट हुनसक्ने मृत्यु, जटिलता र अपाङ्गतालाई रोकथाम गर्न वा घटाउन स्वास्थ्य संस्थामा प्राविधिक सहयोग र आवश्यक औषधी, औजार वा उपकरणको आपूर्ति व्यवस्थापन गर्न सहजीकरण गर्ने :

(१) स्वास्थ्य संस्थामा बिरामीको चापको व्यवस्थापन गर्न Triage, Isolation , Cohorting आदि कार्य गर्ने,

(२) स्वास्थ्य संस्थाले उपचार व्यवस्थापनमा महसुस गरेका समस्या र चुनौती पत्ता लगाउने,

(३) स्तरीय उपचार पद्धति अनुसार बिरामीको उपचार व्यवस्थापन गर्न स्वास्थ्य संस्था र विशेषज्ञ संस्था बीच समन्वय गर्ने,

(४) आवश्यक औषधि, मेडिकल उपकरण र सामग्रीको व्यवस्थापन गर्ने,

(५) आवश्यकता अनुसार स्वास्थ्य संस्थामा थप स्वास्थ्यकर्मीको व्यवस्थापन गर्ने,

(६) प्रेषण प्रणाली (Community triage, stabilization, safe transport, ambulance services etc) को मूल्याङ्कन गर्ने र बिरामीको उपयुक्त प्रेषण भएको सुनिश्चित गर्ने ।

(य) समन्वय र सम्पर्क :

(१) स्थानीय समुदाय, जनप्रतिनिधि, सरकारी र गैरसरकारी संस्था, प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (PHEOC), जिल्ला स्थित स्वास्थ्य कार्यालय,आपत्कालीन कार्यसञ्चालन केन्द्र र सञ्चारकर्मीसँग जनस्वास्थ्यको आपातकालीन अवस्थाको अनुसन्धान र नियन्त्रणका लागि उपलब्ध स्थानीय स्रोतको परिचालन गर्ने,

(२) थप सहयोगका लागी स्थानीय निकाय, स्वास्थ्य संस्था र उच्चस्तरको स्वास्थ्य संस्था बीच समन्वय गर्ने,

(३) प्रादेशिक द्रुत प्रतिकार्य समिति तथा अन्य सम्बन्धित सरोकारवाला निकायमा नियमित रूपमा प्रतिवेदन पेश गर्ने ।

(४) यदि स्थानीय स्तरमा नेपालले तोकेका रोगहरू (Notifiable diseases), अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली - २००५ मा सूचीत रोगहरु वा अन्तरास्ट्रिय स्तरमा आपत्कालीन घोषणा भएका रोगहरु मध्ये कुनै रोगहरु देखिएमा संघ (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा) तथा प्रदेश (प्रादेशिक आपत्कालीन कार्यसंचालन केन्द्र) लाई तुरुन्त सूचना दिनुपर्नेछ ।

(र) समिक्षा र सिफारिसहरू :

(१) जनस्वास्थ्य आपत्कालीन घटनाको कारण पहिचान गर्ने र भविष्यमा सोही प्रकृतिको घटनाको रोकथामका लागि  उपयुक्त उपाय सिफारिस गर्ने,

(२) पूर्वतयारी र न्यूनिकरणका लागि प्रादेशिक द्रुत प्रतिकार्य समितिलाई पृष्ठपोषण दिने,

(३) प्रादेशिक द्रुत प्रतिकार्य समितिद्वारा संचालित समिक्षामा सक्रिय रूपमा सहभागी हुने ।

१२. वडा द्रूत प्रतिकार्य टोली सम्बन्धी व्यवस्थाः (१) स्वास्थ्य संस्थाको प्रमुखले संयोजन गर्ने गरी वडा स्तरमा वडा द्रूत प्रतिकार्य टोली गठन गरी स्थानीय द्रूत प्रतिकार्य टोलीको सहयोग र सहकार्यको लागी परिचालन गर्न सकिने छ ।

(२) यस वडा द्रूत प्रतिकार्य टोलीको काम, कर्तव्य र अधिकार स्थानीय द्रूत प्रतिकार्य समितिले निर्धारण गर्नेछ ।


१३. द्रुत प्रतिकार्य टोलीको परिचालन सम्बन्धी व्यवस्था : (१) कुनै स्थानीय तहमा विपद् तथा महामारी फैलीएमा स्थानीय द्रुत प्रतिकार्य समितिको निर्देशन अनुसार स्थानीय द्रुत प्रतिकार्य टोली परिचालन हुनेछ तर कुनै पनि बेला स्थानीय तहलाई सहयोगको आवश्यकता भएमा प्रदेशसंग समन्वय गरी प्रतिकार्य गर्नेछ र प्रदेशलाई सहयोगको आवश्यकता भएमा संघसंग समन्वय गरी प्रतिकार्य गर्नुपर्नेछ।

(२) यदि कुनै पनि समयमा द्रुत प्रतीकार्य समिति बैठक बस्न नसक्ने स्थिति सिर्जना भएमा संयोजकको निर्णयमा द्रुत प्रतिकार्य टोली परिचालित हुन सक्नेछ |

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि महामारीको सम्भाब्यता अध्ययन गरी आवश्यक महसुस गरेमा संघीय द्रुत प्रतिकार्य समितिको निर्देशन अनुसार संघीय द्रुत प्रतिकार्य टोली वा प्रादेशिक द्रुत प्रतिकार्य टोली स्थानीय द्रुत प्रतिकार्य समिति/टोलीको सहयोगको लागि परिचालन हुन सक्नेछ ।

१४. समन्वय तथा संचारको फ्लो चार्ट

विपद् , महामारी तथा आपत्कालीन अवस्थामा हरेक निकायले द्रुत र प्रभावकारी रुपमा सही सूचना आदान प्रदान गर्नुपर्नेछ ।



## परिच्छेद-३
## आपत्कालीन चिकित्सकीय समूह परिचालन समितिको व्यवस्था

१५. <u>आपत्कालीन चिकित्सकीय समूह परिचालन समितीको गठन तथा काम, कर्तव्य र अधिकार</u> : (१) आपत्कालीन चिकित्सकीय समूहको नीतिगत मार्गनिर्देशन, र प्राविधिक तथा श्रोत व्यवस्थापन गर्नको लागि देहायका पदाधिकारी रहेको आपत्कालीन चिकित्सकीय समूह परिचालन समिति हुनेछ

(क) अतिरिक्त सचिव, नीति योजना तथा अनुगमन र गुणस्तर मापन तथा नियमन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - संयोजक

(ख) नीति योजना तथा अनुगमन महाशाखा प्रमुख,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(ग) गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(घ) प्रशासन महाशाखा प्रमुख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(ङ) इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा प्रमुख, स्वास्थ्य सेवा विभाग - सदस्य

(च) उपचारात्मक सेवा महाशाखा प्रमुख, स्वास्थ्य सेवा विभाग - सदस्य

(छ) प्रमुख, विश्व स्वास्थ्य संगठन, नेपाल - सदस्य

(ज) प्रमुख, स्वास्थ्य आपत्कालीन विपद् व्यस्थापन इकाई, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य-सचिव

समितिले विपद्‌को प्रकृति बमोजिम आबश्यकता अनुसार कुनै निकायको प्रमुख वा प्रतिनिधि वा विज्ञलाई समितिमा आमन्त्रण गर्न सक्नेछ।

यस समितिको सचिवालय स्वास्थ्य आपत्कालीन विपद् व्यस्थापन इकाईमा रहनेछ ।

(२) यस दफा बमोजिम गठित आपत्कालीन चिकित्सकीय समूह परिचालन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आपत्कालीन चिकित्सकीय समूह गठन तथा सोको काम, कर्तब्य र अधिकार विपद् प्रकृति अनुसार निर्धारण गर्ने,

(ख) आपत्कालीन चिकित्सकीय समूह परिचालन समितिको विभिन्न विपद्‌का सबै चरणमा (पूर्वतयारी, प्रतिकार्य तथा विपद् पश्चातको अवस्था) विभिन्न निकाय बीच समन्वय गर्ने,

(ग) आपत्कालीन चिकित्सकीय समूह परिचालन समितिले विपद् व्यवस्थापनको योजना तथा कार्यविधिका साथै आपत्कालीन स्वास्थ्य योजना निर्माण गरी लागू गर्ने,

(घ) नियमित रुपमा बैठक बसी जोखिम/विपद्का सम्बन्धमा प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा विश्लेषण सहित परिस्थितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आपत्कालीन चिकित्सकीय समूहको परिचालनकालागि सहजीकरण गर्ने,

(च) जनस्वास्थ्य महामारी तथा विपद्को बेलामा विभिन्न तहमा गठित संयन्त्रका साथै बहुनिकाय समन्वयात्मक परिचालन तथा प्रतिकार्यको सुनिश्चितता गर्ने,

(छ) विपद् व्यवस्थापनका लागि सम्बन्धित सरोकारवालाको पहिचान गरी समय-समयमा सूची अद्यावधिक गर्ने,

(ज) आपत्कालीन चिकित्सकीय परिचालनका असल अभ्यास तथा सिकाइलाई अभिलेखीकरण गर्ने,

(झ) आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग समन्वय गर्ने,

(ञ) आपत्कालीन चिकित्सकीय समूहको परिचालनकालागि आवश्यक पर्ने जनशक्ति, सर-सामग्री तथा अन्य आर्थिक श्रोतको पहिचान गरी व्यस्थापन गर्ने तथा उपलब्धताको सुनिश्चितता गर्ने,

(ट) आपत्कालीन चिकित्सकीय समूहको क्रियाकलापको अनुगमन तथा सुपरिबेक्षण गरी आवश्यक पृष्ठपोषण दिने ।

(ठ) आपत्कालीन चिकित्सकीय समूहको परिचालनकालागि प्रदेश तथा स्थानीय तह तथा अस्पतालहरूसंग समन्वय गर्ने

(ड) आपत्कालीन चिकित्सकीय समूह परिचालन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) आपत्कालीन चिकित्सकीय समूह परिचालन समितिको मातहतमा आपत्कालीन चिकित्सकीय समूह रहनेछ । सो आपत्कालीन चिकित्सकीय समूह विभिन्न हब स्याटेलाइट अस्पताल सन्जालबाट आपत्कालीन चिकित्सकीय समितिले उपदफा २(क) अनुसार निर्धारण गरे बमोजिम कम्तीमा दुई दुई वटा टोली गठन हुनेछन ।

(४) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रहेको इन्सीडेन्ट कमाण्ड सिस्टम सक्रिय भएको अवस्थामा आपत्कालीन चिकित्सकीय समूहको गठन तथा परिचालन इन्सीडेन्ट कमाण्ड सिस्टमको निर्णय बमोजिम हुनेछ

(५) आपत्कालीन चिकित्सकीय समूह परिचालन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र त्यस्तो बैठकमा महामारी तथा विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि विषयगत मन्त्रालय र निकायका प्रतिनिधि वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद ४
## क्षमता विकास तथा तालिम

१६. <u>तालिम दिनु पर्ने</u> :(१) संघीय, प्रादेशिक, जिल्ला तथा स्थानीय तहका द्रुत प्रतिकार्य टोलीको तालिमको तथा आपत्कालीन चिकित्सकीय समूहको तालिम तत् तत् सम्बन्धित निकायले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तालिम सञ्चालन गर्नको लागि आवश्यक पर्ने बजेट तत् तत् निकाय स्वयमंले व्यवस्था गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम तालिम सञ्चालन गर्नको लागि आवश्यक पर्ने तालिम सामग्रीको निर्माण मन्त्रालयको सम्बन्धित महाशाखाले गर्नेछ ।

१७. <u>बजेट तथा खर्चको व्यवस्थापन</u> :(१) संघीय ,प्रादेशिक तथा जिल्ला द्रुत प्रतिकार्य टोलीको साथै आपत्कालीन चिकित्सकीय समूहका गतिविधिको सञ्चालनका लागि आवश्यक पर्ने बजेट यस विषयसँग सम्बन्धित महाशाखा / शाखाले आफ्नो बार्षिक कार्यक्रम वा अन्य कुनै कोषबाट व्यवस्थापन गर्नु पर्नेछ ।

(२) स्थानीय द्रुत प्रतिकार्य टोलीको गतिविधिको सञ्चालनका लागि आवश्यक पर्ने बजेट स्थानीय तहले गर्नेछ ।

## परिच्छेद-५
## विविध

१८. <u>अनुगमन तथा मूल्याङ्कन</u> : (१) यस निर्देशिकामा उल्लिखित व्यवस्थाको पालना भए नभएको सम्बन्धमा संघमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले, प्रदेशमा स्वास्थ्य हेर्ने स्वास्थ्य सम्बन्धी मन्त्रालय र स्थानीय तहमा समितिद्वारा तोकिएको स्वास्थ्य हेर्ने सम्बन्धित महाशाखाले आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन समेतको आधारमा मन्त्रालयले त्यस्तो निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

१९. <u>सहजीकरण तथा समन्वय गर्ने</u> : यस कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालयले आवश्यकता अनुसार सहजीकरण तथा सम्बन्धित निकायसँग समन्वय गर्नेछ ।

२०. <u>सहयोग लिन सक्ने</u> : (१) यस कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालयले आवश्यकता अनुसार संघीय, प्रादेशिक वा स्थानीय तहसँग आवश्यक सहयोग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै सहयोग माग भएकोमा सो विषयमा आवश्यक सहयोग उपलब्ध गराउनु त्यस्तो निकायको कर्तव्य हुनेछ ।

२१. <u>आवश्यक व्यवस्था गर्न सक्ने</u> : यस निर्देशिका कार्यान्वयन गर्ने सन्दर्भमा कुनै समस्या उत्पन्न भएमा मन्त्रालयले त्यस्तो समस्या समाधान गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।